# खोलाजन्य तथा उत्खनन क्षेत्रबाट निकालिएको पदार्थको संकलन तथा बिक्री कर असुली

## का लागि

# बोलपत्र कागजात

## म्याङलुङ्ग नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## म्याङलुङ्ग ,तेह्रथुम

प्रथम पटक प्रकाशित मिति :२०८०/०५/२४

बोलपत्र नम्बर : **01/MM/Rajaswa/080/81**

# म्याङलुङ्ग नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**म्याङलुङ्ग, तेह्रथुम**
**कोशी प्रदेश, नेपाल**

प्रमुख प्रशासकीय अधिकृत

### खोलाजन्य तथा उत्खनन क्षेत्रबाट निकालिएको पदार्थको संकलन तथा विक्री कर असुलीको ठेक्का बन्दोबस्ती सम्बन्धि बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८०/०५/२४**

स्थानीय सरकार सञ्चालन ऐन-२०७४ को दफा ६४ (च) मा व्यवस्था भए बमोजिम यस म्याङलुङ्ग नगरपालिका,नगर कार्यपालिकाको कार्यालयले IEE प्रतिवेदनमा उल्लेखित नदि/खोला तथा उत्खनन क्षेत्रहरु वाट निर्धारित मापदण्ड बमोजिम नदि/खानी जन्य पदार्थ उत्खनन संकलन विक्री कर असुली गर्न तपसिल बमोजिमको परिमाणमा ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईजाजत प्राप्त ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७९/०८० को करचुक्ता संलग्न गरि तपशिल बमोजिमका शर्तहरुको अधिनमा रहि (BOQ भरी) विधुतीय बोलपत्र पेश गर्नुहुन यो सार्वजनिक सूचना जारी गरिएको छ।

**तपशिल :**

| क्र. सं. | ठेक्का नं. | विवरण | परिमाण | न्यूनतम ठेक्का अंक (मु.अ.कर वाहेक) रु. | धरौटी रकम रु. | बोलपत्र फारम दस्तुर रु. | बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय | बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय | बोलपत्र खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | 01/MM/Rajaswa/080/81 | खोलाजन्य तथा उत्खनन क्षेत्रबाट निकालिएको पदार्थको संकलन तथा विक्री कर असुली | १६६१५.०६ घ.मि | ३३,६९२८४.३७ | २,००,०००.०० | ३,०००.०० | २०८०/०६/२३ दिनको १२ बजे सम्म | २०८०/०६/२३ दिनको १२ बजे सम्म | २०८०/०६/२३ दिनको १ बजे |

## शर्तहरु :

१. खरिद प्रक्रिया e-GP माध्यमबाट मात्र गरिने भएकाले सार्वजनिक खरिद अनुगमन कार्यालय, काठमाण्डौ (PPMO) को आधिकारिक Website: https://www.bolpatra.gov.np/egp बाट bid document हेर्न सकिनेछ र Submission का लागि बोलपत्र खरिद दस्तुर बापत रकम खातामा जम्मा गरेको र सम्बन्धित ठेक्का नं र बोलपत्रको नाम खुलेको राजश्व दाखिला भौचर electronic bid file साथै पेश गर्नुपर्ने छ । बोलपत्र फारम दस्तुर रु. ३०००।०० (तीन हजार मात्र) म्याङलुङ्ग नगरपालिका, म्याङलुङ्ग बजारस्थित नेपाल बैंक लि. मा रहेको यस कार्यालयको आन्तरीक राजश्व खाता नं. ०५४०३००००००१००१००००००१ मा रकम जम्मा गर्न सकिनेछ।

२. बोलपत्र फारम दिनको १:०० बजे यस कार्यालयका प्रतिनिधिहरु र बोलपत्रदाताको प्रतिनिधिको रोहवरमा उल्लेखित मिति र समयमा खोलिनेछ। उक्त समयमा बोलपत्रदाताको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न यस कार्यालयलाई कुनै वाधा पर्ने छैन।

३. बोलपत्र पेश गर्दा उल्लेखित रकम बराबरको धरौटी वापतको रकम यस कार्यालयको म्याङलुङ्ग नगरपालिका, म्याङलुङ्ग स्थित नेपाल बैंक नेपाल लि. मा रहेको धरौटी खाता नं. ०५४०३०००००३००००००००१ मा नगदै जम्मा गरेको सक्कल भौचर वा पेश गर्ने अन्तिम मितिवाट १२० दिन मान्य अवधि भएको नेपाल सरकारवाट मान्यता प्राप्त **क** वर्गको वाणिज्य बैंकहरुले वा इजाजत प्राप्त बितिय संस्थाले जारी गरेको (सम्बन्धीत कार्यको नाम तथा ठेक्का नम्वर उल्लेख भएको) बैक ग्यारेण्टी संलग्न गरि पेश गनुपर्नेछ।

४. बोलपत्रदाताले आफुले कबोल गरेको ठेक्काको रकम अंक र अक्षरमा स्पष्ट रुपमा लेखि छाप लगाई पेश गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ। बोलपत्र खरिद गर्ने वा पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्य लगत्तै कार्यालय खुलेको दिनमा गरिनेछ।

५. बोलपत्र स्वीकृत भई सम्झौता गर्न आउने जानकारी पाएको १५(पन्ध्र) दिन भित्र सम्झौता गर्न नआएमा कानून अनुसार हुनेछ।

६. यस कार्यको ठेक्का अवधि सम्झौता मिति देखि २०८१ जेठ मसान्त सम्मको लागि मात्र रहनेछ।

७. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा ठेक्का नै रद्ध गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

८. तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरि नियमानुसार बोलपत्र बन्दोवस्त गरिनेछ। यस नगरपालिकाका नदि/खोला उत्खनन परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४, सोसँग सम्बन्धित अन्य प्रचलित नियम कानून तथा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयवाट गरिएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ।

९. यो सूचनामा उल्लेख भएको हकमा यसै बमोजिम र अन्यको हकमा प्रचलित ऐन नियम तथा नगरपालिकाको निर्णय अनुसार हुनेछ। यस कार्य सम्बन्धि कुनै कुरा संशोधन गर्नुपर्ने वा सच्याउनु पर्ने भएमा कार्यालयको वेबसाइट www.myanglungmun.gov.np , सार्बजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp वा कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

# म्याङलुङ्ग नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
म्याङलुङ्ग, तेह्रथुम
कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

- बोलपत्रदाताको नाम :
- ठेगाना :
- सूचना प्रकाशित मिति : २०८०/०५/२४
- फारम खरिद गर्ने अन्तिम मिति : २०८०/०६/२३ दिनको १२ बजे सम्म
- ठेक्काको नाम : खोलाजन्य तथा उत्खनन क्षेत्रबाट निकालिएको पदार्थको संकलन तथा विक्री कर असुली
- बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८०/०६/२३ दिनको १२ बजे सम्म
- बोलपत्र खोल्ने मिति : २०८०/०६/२३ दिनको १ बजे

| सि.नं. | ठेक्का नं | बोलपत्रको नाम | परिमाण | न्युनतम रकम (मु.अ. कर बाहेक) | कबोल रकम | |
|---|---|---|---|---|---|---|
| | | | | | अंकमा | अक्षरमा |
| १ | 01/MM/Rajaswa/080/81 | खोलाजन्य तथा उत्खनन क्षेत्रबाट निकालिएका पदार्थको संकलन तथा विक्री कर असुली | १६६१५.०६.घ.मि | ३३,६९,२८४.३७ | | |
| | | | | जम्मा कबोल रकम | | |
| | | | | १३ % मु.अ कर | | |
| | | | | कुल जम्मा रकम | | |

छाप

पेश गर्ने बोलपत्रदाताको नाम :

दस्तखत :

मिति :

सम्पर्क नं :

**सूचनामा उल्लेख भएका बाहेक अन्य शर्तहरु :**

- यस ठेक्काको न्युनतम रकम (मु.अ. कर बाहेक) सम्झौता मितिदेखि २०८१ जेस्ठ मसान्त सम्मका लागि रु ३३,६९,२८४.३७ (तेत्तिस लाख उनन्सत्तरी हजार दुई सय चौरासी रुपैया सटतीस पैसा मात्र) कायम गरिएको छ।
- विक्री मूल्य संकलन गर्दा यसै बोलपत्र फारममा उल्लेख भएका दरहरु भन्दा बढी हुने गरि संकलन तथा विक्री गर्न पाइने छैन।
- नदी तथा खानीजन्य पदार्थ (ढुंगा,गिट्टी,रोडा,बालुवा,माटो/भरौट) को उत्खनन्,संकलन र विक्री गर्दा देहायको स्थानबाट निम्न बमोजिमको परिमाणमा मात्र गर्नुपर्नेछ।

| सि.नं. | नदी,खोला तथा खानीजन्य पदार्थको नाम | नदी,खोला तथा खानीजन्य पदार्थ उत्खनन् गर्ने स्थान | उत्खनन् योग्य परिमाण (घ.मी.) |
|---|---|---|---|
| १ | बालुवा | लम्भु दोभान (तमोर नदी),पिङगुवा-लम्भु दोभान ,खोरुङ्गा दोभान(तमोर नदी), खोरुङ्गा/लुन्द्रंग खोला, पिङगुवा खोला | ३४१६.०० |
| २ | ढुंगा,गिट्टी | लम्भु दोभान (तमोर नदी), पिङगुवा-लम्भु दोभान ,खोरुङ्गा दोभान (तमोर नदी), खोरुङ्गा/लुन्द्रंग खोला, पिङगुवा खोला, मध्यपहाडी राजमार्ग छेउछाउका खानीहरु, बिहिटार,ओखे, म्याङलुङ्ग रिंगरोड खण्ड | १३१९९.०६ |
| | | जम्मा | १६६१५.०६ |

- ठेक्का सम्झौता गर्दाकै वखतमा बोलपत्र दाताले एकमुस्ठ रकम बुझाउन चाहेमा मु.अ.कर बाहेकको रकममा १० प्रतिशत रकम छुट दिन सकिनेछ।
- ठेक्कासंग सम्बन्धित रसिदहरु ठेकेदार स्वयम् आफैले छपाई यस नगरपालिकामा प्रमाणित गराई प्रयोग गर्नुपर्ने छ।कार्यालयबाट प्रमाणित नगराई रसिद प्रयोग गरेको पाईएमा नियमानुसार कारवाही हुनेछ।
- IEE प्रतिवेदनमा उल्लेख भएका उत्खनन् क्षेत्र बाहेक अन्य क्षेत्र वा कुनै व्यक्ति,मठ,मन्दिर,विद्यालय,कुलो, बाँध,बाटो आदिमा क्षति पुग्ने गरि उत्खनन् गर्न पाइने छैन।साथै उत्खनन् पश्चात ढुवानी वा मौज्दात प्रयोजनका लागि कसैको निजि जग्गा प्रयोग गर्नुपर्ने भएमा त्यसबाट उत्पन्न हुने दायित्वका लागि नगरपालिका जवाफदेही हुनेछैन।
- तोकिएको मापदण्ड विपरित भूक्षय वा बाढी पहिरो जाने गरि उत्खनन् गर्न पाइने छैन।
- IEE प्रतिवेदन अनुसार यस कार्यालयबाट ईजाजत प्राप्त मेसिनबाट तोकिएको स्थानमा मात्र उत्खनन् गर्न पाइने छ।
- IEE प्रतिवेदनले उत्खनन् गर्न इजाजत दिएको परिमाणका लागि उत्खनन् गर्दा लाग्ने लागत स्वयम् ठेकेदारले वहन गर्नुपर्ने छ ।
- ठेकेदारले ठेक्का भोगचलन गर्दा यस कार्यालयको निर्देशन र सम्झौतामा उल्लिखित शर्त बमोजिम काम गर्नुपर्नेछ।
- भरौट उत्खनन् गर्दा बिहान सुर्योदय पश्चात र बेलुका सुर्यास्त अगाडी गर्नुपर्नेछ।
- स्थानीय तथा नेपाल सरकारलाई बुझाउनुपर्ने सबै प्रकारका करहरु ठेकेदार स्वयम् आफैले बुझाउनुपर्ने छ।

- बन्द, हड्ताल, जस्ता मानव सिर्जित घटनाको कारणवाट हुने हानि नोक्सानीका लागी कुनै क्षतिपुर्ती वा छुट मिनाहा माग गर्न पाइने छैन र कार्यालयले उपलव्ध पनि गराउने छैन।
- न्युनतम ठेक्का रकम भन्दा घटी कबोल गरि बोलपत्र पेश गर्न पाईने छैन, साथै ठेकेदार, फर्म वा कम्पनीहरुबाट कुनै सर्त राखिएको वा रीत नपुगेको बोलपत्र माथि कुनै कारवाही गरिने छैन।
- सूचना तथा बोलपत्र फारममा उल्लेख भएका बाहेकका अन्य कुराहरु स्थानीय सरकार संचालन ऐन २०७४, प्रदेश आर्थिक ऐन २०७७, सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ संशोधन सहित तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ।
- बोलपत्र सम्बन्धी केही थप कुरा बुझ्नु पर्ने भएमा कार्यालयको वेबसाइट **www.myanglungmun.gov.np** वा कार्यालय समयमा ०२६-४६०१३५ मा सम्पर्क गरी बुझ्न सकिनेछ ।